नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५५)काठमाडौं, साउन १ गते २०६२साल(अतिरिक्ताङ्क२५ (क)

भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

मूल्य अभिवृद्धि कर (सातौं संशोधन) नियमावली, २०६२

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर (सातौं संशोधन) नियमावली, २०६२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा संशोधनः मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १७ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४) कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने सबै बिक्रेताले आफ्नो तथा प्रापकको नाम, ठेगाना, स्थायी लेखा नम्बर, मिति, सिलसिलेवार नम्बर र सामानको विवरण (मोडल, ब्राण्ड, संकेत नम्बर) सहितको बिजक जारी गर्नुपर्नेछ । बिक्रेताले सो नगरी बिजक जारी गरेमा त्यस्तो सामानको प्रचलित बजार मूल्य (उच्चतम) कायम गरी कर असुल गरिनेछ ।

तर सरकारी तथा सार्वजनिक संस्थान जस्ता स्थायी लेखा नम्बर लिन अनिवार्य नहुने बिक्रेताको हकमा भने स्थायी लेखा नम्बर उल्लेख गर्नुपर्न छैन ।"

३. मूल नियमावलीको नियम ३९ मा संशोधनः मूल नियमावलीको नियम ३९ को,-

(१) उप-नियम (१) को खण्ड (ग) को स्पष्टीकरणमा रहेका "सामानको बिजक" भन्ने शब्दहरू पछि "तथा भन्सारको बाटो भई आयात नहुने सेवाको आपूर्तिको हकमा सेवाको बिजक" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उप-नियम (५) को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छः-

"स्पष्टीकरणः यस उपनियमको प्रयोजनको लागि "निर्यातसँग सम्बन्धी कागजातहरू" भन्नाले वस्तु विनिमयको हकमा निर्यात प्रमाणपत्र, सामान प्राप्त गरेको प्रमाणपत्र, प्रतीतपत्र र आयात प्रमाणपत्र र निर्यातको हकमा निर्यात प्रमाणपत्र, सामानप्राप्त गरेको प्रमाणपत्र, भुक्तानी प्रमाणपत्र र प्रतीतपत्र सम्झनुपर्छ ।"

४ मूल नियमावलीको नियम ४८ मा संशोधनः मूल नियमावलीको नियम ४८ को उपनियम (१) को ठाउँ-ठाउँमा रहेका "वस्तुमा" भन्ने शब्दको सट्टा "वस्तु वा सेवामा" भन्ने शब्दहरू राखिएका छन् ।

सूचना २

अन्तःशुल्क (चौथो संशोधन) नियमावली, २०६२

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वान्छनीय भएकोले, अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमहरूको नाम "अन्तःशुल्क (चौथो संशोधन) नियमावली, २०६२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. अन्तःशुल्क नियमावली, २०५९ को अनुसूची-२ मा संशोधनः-अन्तःशुल्क नियमावली, २०५९ को अनुसूची-२ को प्रकरण ३ को खण्ड (ज) को उपखण्ड (१) र (२) को सट्टा देहायको उपखण्ड (१) र (२) राखिएका छन्:-

"(१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरसम्मको) रू. ३०,०००।-

(२) होरिजेण्टल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्सपावर भन्दा बढीको) रू. ६०,०००।-"

आज्ञाले,
भानुप्रसाद आचार्य
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।